महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
विहादी गाउँपालिका
पर्वत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ८३ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
विहादी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
पर्वत ।

कैफियत सहितको राय

हामीले विहादी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. पालिकाको लेखापरीक्षणबाट रू १ करोड ९७ लाख २३ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू ६ लाख ६६ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १८ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ३४ लाख ७ हजार, नियमित गर्नुपर्ने रू ३५ लाख ७ हजार र पेश्की रू १ करोड २ लाख ८० हजार रहेको छ। गाउँपालिकाको गतवर्ष बेरुजू रु २ करोड ६४ लाख ६५ हजार बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ५२ लाख ४३ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

विहादी गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३६	४०	१९७२३	१	४	६६६	३५	३६	१९०५७	१८६३	३५०७	३४०७	०	०	६९१४	१०२८०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्वत	२६४६५	०	२७९	२६१८६	०	१९०५७	४५२४३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : विहादी गाउँपालिका, पर्बत , बिहादी गाउँपालिका , पर्वत

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Dhrub Dayal	२०७७-५-३१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Rishiram Panthi	२०७५-५-११	
लेखा प्रमुख	Arjun Rijal	२०७६-८-१६	
		बेरुजु रकम	१९,७२२,८३३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,९७,७३,४६८.३९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९,३३,४८,४१३.३३	चालु खर्च	२१,७१,३७,२४१.१४
प्रदेश सरकारबाट अनुदान	२,०३,३६,०००	पूँजीगत खर्च	१०,९९,१९,७१८.९७
राजश्व बाँडफाँट	४,७२,४५,३१७.९८	वित्तीय/अन्य व्यवस्था	५,२३,६५,९७९.५४
आन्तरिक आय	१९,३२,२५४.३		
अन्य आय	०		
कुल आय	३६,२८,६१,९८५.६१	कुल खर्च	३७,९४,२२,९३९.६५
बाँकी मौज्दात		५,३२,१२,५१४.३५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
३			**लेखापरीक्षणको क्रममा असूली** लेखापरीक्षणको क्रममा पदाधिकारी सुविधा लगायतमा रु २३६९६६।०० असूली गरी दाखिला भएको छ।	
४			**स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।	

प्राप्तीभुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोभैै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत	जम्मा
प्राप्ती (क+ख)		४२३४३३९९५.०७	३४००४८०४६.७४		३४००४८०४६.७४	३६३२५१५८४.०९		३६३२५१५८४.०९
क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४०६०८४२४२	३१९५३८६८९.४०	०	३१९५३८६८९.४०	२६६६३६२१७.७८	०	२६६६३६२१७.७८
११००० कर	११	५२८१९३९८.४०	४३४३३९७०.२१	०	४३४३३९७०.२१	३३३७२७२४.९६	०	३३३७२७२४.९६
१३०००अनुदान		३४७०४६०८०	२७०३६३९०१.१२	०	२७०३६३९०१.१२	२२८९३५५७५.८२	०	२२८९३५५७५.८२
संघीयसरकार	१२	३२००१५०८०	२५००२८८१७.३७	०	२५००२८८१७.३७	२११८२४५७५.८२	०	२११८२४५७५.८२
प्रदेशसरकार	१२	२७०३१०००	२०३३५०८३.७५	०	२०३३५०८३.७५	१७१११०००	०	१७१११०००
१४०००अन्य राजस्व		६१०३७६३.६०	५६२६०५९.०७	०	५६२६०५९.०७	४३२७९१७	०	४३२७९१७
१५०००विविध प्राप्ति		११५०००	११४७५९	०	११४७५९	०	०	०
ख. अन्यप्राप्ति		१७३४९७५३.०७	२०५०९३५७.३४		२०५०९३५७.३४	९६६१५३६६.३१		९६६१५३६६.३१
वितरणगर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		१७३४९७५३.०७	१७६४३९०३.१९	०	१७६४३९०३.१९	२०१३९९५८.९९	०	२०१३९९५८.९९
धरौटी		०	२८६५४५४.१५	०	२८६५४५४.१५	२९०२२८७.६७	०	२९०२२८७.६७
संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	७३५७३११९.६५	०	७३५७३११९.६५
भुक्तानी (ग+घ)		४५८१५४८३३.०७	३२६५८१२७५.५३		३२६५८१२७५.५३	३२७७१५९५३.१८		३२७७१५९५३.१८
ग.भुक्तानी (सञ्चित कोषबाट)		४४०८०५०८०	३१७०५६९६०.११		३१७०५६९६०.११	२३६१८९६०३.६०		२३६१८९६०३.६०
पारिश्रमिक / सुविधा	१८	१६१९१४६४७	१४४६६९०६०.६५	०	१४४६६९०६०.६५	१२७९२८४६३.९९	०	१२७९२८४६३.९९
२२००० मालसामान तथा	१८	६००२९४३३	३६२८४८४३.०६	०	३६२८४८४३.०६	४७६११२६५.२८	०	४७६११२६५.२८

सेवाको उपयोग								
२६००० अनुदान	१८	२५८१८०००	२२२०६२२९.२५	०	२२२०६२२९.२५	७२३९५१६.६४	०	७२३९५१६.६४
२७००० सामाजिक सुरक्षा	१८	३९५३०००	३१२१५१५.१८	०	३१२१५१५.१८	१७९२२५७.६०	०	१७९२२५७.६०
२८००० अन्य खर्च	१८	९०००००	८५५५९३	०	८५५५९३	९९९९९९	०	९९९९९९
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१८८१९००००	१०९९१९७१८.९७	०	१०९९१९७१८.९७	५०६१८१०१.०९	०	५०६१८१०१.०९
घ. अन्यभूक्तानी		१७३४९७५३.०७	९५२४३१५.४२		९५२४३१५.४२	३२७७१५९५३.१८		३२७७१५९५३.१८
कोषहरु		१७३४९७५३.०७	८४३९०३३.७५	०	८४३९०३३.७५	१६२३७२२९.९३	०	१६२३७२२९.९३
धरौटी		०	१०८५२८१.६७	०	१०८५२८१.६७	१७१६०००	०	१७१६०००
संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	७३५७३११९.६५	०	७३५७३११९.६५
ङ. योवर्षको बचत (न्युन)		(३४७२०८३८)	१३४६६७७१.२१		१३४६६७७१.२१	३५५३५६३०.९१		३५५३५६३०.९१
च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६१०५८५४०.०६		६१०५८५४०.०६	२६८४९८७४.४६		२६८४९८७४.४६
वर्षान्तकोबाकी रकम (ङ + च)		(३४७२०८३८)	७४५२५३११.२७		७४५२५३११.२७	६२३८५५०५.३७		६२३८५५०५.३७
बैंक तथानगद बाकी	२४		७४५२५३११.२७		७४५२५३११.२७	६१५४९२७५.४४		६१५४९२७५.४४

५

वित्तिय विवरण

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

			• यस स्थानीय तहले NPSASअनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.११ करोड ५ लाख ५ हजार समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। आ.व. ०७७। ७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ। • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिदैन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।	
६			**घटी जिम्मेवारी सारिएको** सुत्रको म.ले.प.फा.नं. २७२ गत वर्षको विभिन्न कोष तथा संचित कोषको रु ६१०५८५४०.०६ जिम्मेवारी सारिएकोमा पालिकाबाट प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी जम्मा रु ५९७७३४६८.३९ जिम्मेवारी सारिएको पाइयो।सुत्रमा सारिएको रकम भन्दा पालिकाबाट प्रमाणित एकिकृत आर्थिक विवरणमा रु १२८२२८७.६७ कम जिम्मेवारी सारिएको छ।सुत्रमा भन्दा स्रेस्तामा बढी भएकोमा म्यनुअल आम्दानी बाँधिएकोले फरक पर्न सक्ने भएकोमा पालिकाले पेश गरेको एकिकृत आ वि मा कम जिम्मेवारी देखिएकोले सोको वास्तविकता एकिन हुन सकिएन।यस सम्वन्धमा पालिकाले एकिन गरी सोको प्रमाण पेश गर्नुपर्ने रु...	१,२८२,२८८
७			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।	

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।
- पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरे कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।

- राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

- पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा नियमावलीको नियम ९ वमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अनुसुची २ को ढाँचा वमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित

			समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • अनुदान दिएका कृषकको अनुमान गरी उत्पादन र उत्पादकत्व सम्बन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन। • विभिन्न कार्यविधिहरुमा एक पटक कुनै तहवाट अनुदान लिएकाको हकमा २।३ वर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन। • केहि मापदण्ड तथा पुराना कार्यविधिमा अनुदान ग्राहिले कम्तिमा १० वर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव वमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन। जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाड्ने प्रवृति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप संचालन गर्नुपर्ने देखिन्छ। • अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन। • कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि विमा तथा पशु विमामा अनुदानका कार्यक्रम संचालन गर्दे आइरहेको छ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने निति तय गर्नुपर्नेमा विमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखिन्छ। एक सरकारले ल्याएको नितीलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। • सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले लेखापरीक्षणको उक्त विवरण उपलब्ध नगराएकोले एकिन गर्न सकिएन।	
८			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि ८११ ले निवेदन दिएकोमा८११, घरवाटो सिफारिश ३४४ , नागरिकता सिफारिश ५८२, नाता प्रमाणित ४८४ बसाइसराई ६६, विवाह दर्ता १०६, सम्वन्ध विच्छेद ५ तथा अन्य ३६७९ संख्यामा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।	

<table>
<tr><td></td><td></td><td></td><td>पालिकालेपञ्जीकरण दर्ता तथा पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७७।०३।१० गते रु.४१ करोड ३१ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७७।३।१६ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>अवण्डा बजेट
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो बर्ष निम्नानुसार रु.१ करोड ३५ लाख १४ हजार अबण्डा राखेको छ।उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ र पुजीगततर्फ विभिन्न शिर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>छुटपुट योजना</td><td>४७३००००</td></tr>
<tr><td>२</td><td>भैपरि आउने योजना तथा अन्य</td><td>४५३४६४९</td></tr>
<tr><td>३</td><td>कृषि विकास सम्बन्धी भैपरि आउने कार्यक्रम</td><td>९५००००</td></tr>
<tr><td>४</td><td>पशु तथा पशु विकास भैपरि आउने कार्यक्रम</td><td>३३००००००</td></tr>
<tr><td></td><td></td><td>१३५१४६४९</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन</td><td></td></tr>
</table>

			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:	
१२			**क्षेत्रगत बजेट तथा खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। (रु.हजारमा)	

सि न	विवरण	योजना संख्या	रकम (रु.हजारमा)
१	१ लाख भन्दा कमको योजना	१२६	१२१९९
२	१ लाख देखि पाँच लाख सम्मका योजना	५८	२७९०५
३	५ लाख देखि १० लाख सम्मका योजना	१३	११९२१
४	१० लाख एक देखि ५० लाख सम्मा योजना	३०	६१०८६
५	५० लाख भन्दा माथिका योजनाहरु	३	१३५००
	जम्मा		१२६६११

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिकविकास	७५७६७	२१७४९	६.८६
२	सामाजिकविकास	१९१२४२	१६८२५१	५३.०७
३	पूर्वाधारविकास	८९९४४	६३२१४	१९.९४
४	बन वातावरण तथा विपद व्यवस्थापन	५७१८००	२७३८	०.८६
५	संस्थागत विकास र सेवा प्रवाह	२९१०२	२१४०५	६.७५
६	वित्तिय व्यवस्थापन तथा सुशासन	३१००	२२५०	०.७०
७	कार्यालयसञ्चालन तथा प्रशासनिक	४५९३३	३७४५०	११.८१
कुल जम्मा			३१७०५७	१००

१३

पूँजिगत खर्चको स्थिति

कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ।सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ मा रोजगारी सिर्जना हुने तथा लाभग्राही समुदायलाई हस्तान्तरण हुने आयोजना मात्र उपभोक्ता समितीवाट गराउनुपर्नेमा जटिल तथा ह्याभी मेसिन समेत प्रयोग हुने रु.५२४३६५००।०० को कार्य उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ।उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदाँ उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

विवरण	रकम (हजारमा)
खुला बोलपत्रवाट	४२७५२
सिलबन्दी दरभाउपत्रवाट	७६६५
उपभोक्ता समिति वा लाभग्राही समुदायवाट	५२४३७
कन्टिन्जेन्सीवाट	१६२७
जम्माः	१०४४८१

१४

पूँजिगत चौमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये आषाढ महिनामा मात्र कुल खर्चको करिव ४४.९० प्रतिशत खर्च भएको देखिन्छ।वर्षान्तमाहतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। **(रु हजारमा)**

पूँजीगत वजेट	कुल खर्च	चौमासिकगत खर्च			असार महिनाको खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
कुल पुँजीगत खर्च	१०९९१९	३५५२	२५२६२	८११०५	४९३४९
प्रतिशत	१००	३.२३	२२.९८	७३.७९	४४.९०

१५

खरिद योजना तथा खरिद गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक विभिन्न मालसमान खरिद एवं निर्माण कार्य गरेकोमा खरिद योजना तथा गुरुयोजना

			गरेको छैन । पालिकाले ऐन नियमावलीमा भएको प्रावधानको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।	
१६			**मौजुदा सुचि** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताका आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले उपरोक्त अनुसारको मौजुदा सुची तयार गरेको देखिएन। पालिकाले खरिद ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।	
१७			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको यो बर्ष ५ मुद्दा दर्ता भएकोमा ४ फछ्यौट भई १ फछ्यौट हुन बाँकी पालिकाबाट प्राप्त विवरणमा उल्लेख छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।	
१८			**आर्थिक सहायता** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने,, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,, २०७७ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा उल्लिखित शिर्षकमा जम्मा रु १२ लाख ९८ हजार खर्च गरेको छ। वित्तिय समानीकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा स्पष्ट प्रयोजन समेत नखुलाई सहायता वितरण गरेको पाइयो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाले चालु आ.व.मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।	

गो भौ न र मिति	आर्थिक सहायता प्रदान गरिएको व्यक्ति/ वापत	सहायता रकम
३९५।२०७८।१।८	आगलागि भएको कारण भुक्तानी भएको	२५०००
५०९।२०७८।३।१४	पहिरोले घर जोखिममा परेको	१००००
६००।२०७८।३।२२	विपदमा परेकालाई राहत वितरण	६६०००
७८।२०७७।७।९	विभिन्न आमा समूहलाई भुक्तानी भएको	१०००००
६०४।२०७८।३।२२	विपदमा परेकालाई राहत वितरण भएको	२९०००
६३४।२०७८।३।२५	बाढी पहिरो पिडितलाई राहत वितरण भएको	५९०००
	जम्मा	२८९०००

१९	३४१	२०७८-३-२३	**दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रतिविद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षवाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था भएकोमा जिल्ला प्रशासन कार्यालयले पर्वतले जारी गरेको निषेधाज्ञा मिति २०७८ वैशाख ३ गते राति १२ बजेदेखि लागु हुने निषेधआज्ञामा अत्यावश्यक वाहेक अन्य सेवा ठप्प हुने उल्लेख छ।नमूना छनौट गरी स्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय वमोजिमका विद्यालयलाई निषेधाज्ञा पछि पनि अनुदान निकासा दिएको पाईयो।उक्त अनुदान वढी निकासा दिएको विद्यालयवाट असूल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.१२७२५। अन्य विद्यालयको हकमा पालिकाले यथार्थ छानविन गरी वढी अनुदान निकासा भएको भए सो रकम असूल गरी संघिय संचित कोष दाखिला गर्नुपर्दछ।	१२,७२५

			(continued table below)	

सि.न.	विद्यालयको नाम	विद्यार्थी संख्या	चैत्र वैशाखमा विद्यालय खुलेको दिन	दर	भुक्तानी हुनुपर्ने	भएको	वढी भुक्तानी
१	जनकल्याण मा.वि.	१६	२६	१५	६२४०	१२७५०	६५१०
१४	जनसेवा प्रा.वि.	११	२६	१५	४२९०	११५०५	७२१५
जम्मा							१२७२५

२०			**दलित छात्रवृतिः** शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ (४.२) मा IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम कक्षा १-८ सम्मको छात्राहरुको लागी र दलित छात्रहरुको लागी प्रति विद्यार्थी रु.४००।अनुदान निकासा दिने व्यस्था रहेको छ।पालिकाले दलित छात्रवृति अनुदान निकासा दिंदा IEMISमाप्रविष्ट गरीएको विद्यार्थी संख्या २५३ रहेकोमा ३०० जना राखि रु. १८८०० वढी अनुदान निकासा दिएको पाईयो।उक्त वढी निकासा दिएको रकम असूल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.	१८,८००
२१			**छात्रा छात्रवृति** शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ (४.२) मा IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम कक्षा १-८ सम्मको छात्राहरुको लागी प्रति विद्यार्थी रु.४००।अनुदान निकासा दिने व्यस्था रहेको छ।पालिकाले IEMISमा प्रविष्टि गरिएको विद्यार्थी संख्या भन्दा वढी संख्या राखि अनुदान निकासा दिएको पाईयो।उक्त वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असूल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु ४५६००।००	४५,६००

गो.भौ.न.।मिति	IEMIS मा प्रविष्ट गरिएको विद्यार्थी संख्या	निकासा दिएको विद्यार्थी संख्या	दर	वढी निकासा
२१५।२०७८।२।१०	७७४	८८८	४००	४५६००

२२	२२५	२०७८-२-१०	**शिक्षण सिकाई अनुदानः**	६३,२७०

<table>
<tr><td></td><td></td><td></td><td>शिक्षण सिकाई अनुदान कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ८ (क) मा माध्यामिक तहको शिक्षण अनुदानमा छनौट भएका शिक्षकले माध्यामिक तह तृतिय श्रेणिको सुरु तलव स्केलको तलव श्रेणि भन्दा वढी नहुने गरी १२ महिना वरावरको पारीश्रमिक सुविधा मात्र पाउने र सोही परिच्छेदको दफा ८ (ख) मा शिक्षकले चाडपर्व लगायतका अन्य सुविधा नपाउने उल्लेख रहेको छ। पालिकाले अंग्रेजी, गणित, विज्ञान विषयमा शिक्षक दरवन्दि नभएका विद्यालयलाई अनुदान उपलब्ध गराउँदा कार्यविधिमा भएको व्यवस्था विपरित वढी अनुदान निकासा दिएको पाईयो। उक्त वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षक संख्या संख्या</th><th>अनुदान दिनुपर्ने रकम</th><th>अनुदान दिएको रकम</th><th>वढी रकम</th></tr>
<tr><td>लक्ष्मी भवन मा.वि.</td><td>२</td><td>८६३७६०</td><td>९०५९४०</td><td>४२१८०</td></tr>
<tr><td>सगरमाथा मा.वि.</td><td>२</td><td>४३१८८०</td><td>४५२९७०</td><td>२१०९०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६३२७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पुस्तकालय व्यवस्थापन अनुदानः
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा शसर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.३ (९.६) मा विद्यालयलाई निकासा भएको पाठ्यपुस्तक अनुदानको रकम मध्ये ७५ % रकम पाठ्यपुस्तक खरिद तथा बांकी २५ % रकम फर्निचर लगायतका शिर्षकमा खर्च गर्न सकिने व्यवस्था भएकोमा पालिका अन्तर्गतको लक्ष्मी भवन मा.वि. लाई उक्त शिर्षकमा निकासा भएको रु. ६५००००।०० मध्येबाट सोको २५ % ले हुने रु. १६२५००।०० को फर्निचर खरिद गर्नुपर्नेमा फर्निचर, र्याक दराज लगायत व्यवस्थापन सामाग्री खरिद गर्नुपर्नेमा रु. ४२३५०३ खरिद भएकोले बाँकी रु. २९४९३१।०० को मात्र पाठ्यपुस्तक खरिद गरेको पाईयो।विद्यालयले कार्यान्वयन पुस्तिकामा उल्लिखित भन्दा रु. १९२५६९।०० कम खरिद भएकोले विद्यालयले पुस्तिकामा भएको व्यवस्था वमोजिमको खरिद गरी सोको दाखिलाको प्रमाण पेश गर्नुपर्ने अन्यथा कम खर्च भएको रकम सम्बन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु.</td><td>१९२,५६९</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>तलवि प्रतिवेदन पारित नगरी खर्च लेखेकोः
निजामति सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले तलवि प्रतिवेदन पारित नगरी शिक्षकहरुको तलव भत्ता रु.९७२०५०८३।०० निकासा दिई खर्च लेखेको पाईयो। जसले गर्दा निकासा हुनुपर्ने भन्दा वढी ग्रेड रकम निकासा हुन सक्ने भएकोले आगामी दिनमा कार्यालयले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता निकासा दिनेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२५</td><td>२३५</td><td>२०७७-१२-८</td><td>विउ विजन अनुदानः</td><td>७,७७५</td></tr>
</table>

			उन्नत विउमा कृषकहरुलाई अनुदान कार्यक्रम संचालन प्रक्रिया,२०७७ को २.२ मा कृषकहरुलाई अनुदान उपलब्ध गराउँदा उन्नत विउको प्रतिस्पर्धात्मक विक्रि मूल्यको वढीमा ५०% अनुदान दिने उल्लेख रहेको छ।पालिकाले कृषकहरुलाई उन्नत जातको तरकारीको विउ वितरण कार्यक्रम अन्तर्गत कृषकहरुले पौडेल एग्रोभेटवाट खरिद गरी ल्याएको रु. १५५५० विल वरावरको पुरै रकम भुक्तानी दिएको पाईयो। उक्त कार्यक्रम संचालन प्रक्रिया भन्दा वढी भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु.	
२६			**लागत सहभागिता नभएकोः** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०७४ को बुंदा नं २९ मा व्यवसाय विकास सेवा प्रदायक संस्थाले तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी उद्योग विकास शाखासंग समन्वय गरी उद्यमिहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्नुपर्नेछ साथै प्राविधिक सिप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको र बुंदा नं ३३(ग) मा उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई कार्यक्रमको तर्फवाट वढिमा ८० प्रतिशत र उद्यमीको तर्फबाट कम्तिमा २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीलाई सिलाई कटाई तालिम तथा मुढा बुन्ने तालिममा सामाग्री वापत रु. २९३३८०।०० रहेकोमा लागत सहभागिता कट्टी नगरी पुरै रकम भुक्तानी दिएको पाईयो।उक्त वढी भुक्तानी दिएको रकम रु. २९३३८०।०० को २०% ले हुने रकम रु. सम्बन्धित व्यक्तिहरुवाट दामासाहीले असूल गर्नुपर्ने रु.	५८,६७३
२७			**वडा समिति बैठक भत्ता** गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा तथा जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ८ मा वडा समितिको बैठक भत्ता प्रति महिना बढीमा ३ वटा अनुसूची १ (क) मा उल्लिखित दरमा प्रदान गर्न सकिने व्यवस्था गरेको छ।पालिका अन्तर्गतका ६ वडामा बैठक भत्ता वापत वार्षिक जम्मा रु.११ लाख २९ हजार खर्च भएको छ।वडाको बैंठक भत्ता भुक्तानीको लागि बैठकको माइन्यूट आवश्यक हुने भएकोले उक्त बैंठकबाट भएका निर्णयको परीक्षण गर्दा एउटै र उस्तै प्रकृतिका तथा एकल प्रस्ताव र निर्णय राखी सोका आधारमा बैठक भत्ता लिएको पाइयो।बैठक भत्ता लिने प्रयोजनका लागि मात्रै बैठक वसेको निर्णयबाट देखिन्छ।पालिकाबाट प्राप्त पेश्की रकम फछ्यौट गर्न आवश्यक बील भरपाई पाप्त भएकोले उक्त पेश्की फछ्यौट गर्ने निर्णय गर्नको लागि बैठक बसी सोही एकल निर्णय राखी बैठक भत्ता भुक्तानी दिएको देखिन्छ।यसरी निश्चित प्रस्ताव विना माइन्यूट पेश गर्ने प्रयोजनको लागि मात्रै बैठक बसी भत्ता भुक्तानी गर्नु उचित मान्न सकिएन।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२८			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा	१०,२८०,२३८

				समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु...

गो भौ न	पेश्की लिने व्यक्ति/फर्म/कम्पनी	वापत	म्याद ननाघेको	म्याद नाघेको
१५६, १८३	सातविसे कन्स्ट्रक्सन प्रा लि	मो.पेश्की, ४ नं वडा कार्यालय भवन निर्माण	६३३५९३	
६४०	शिवालय निर्माण सेवा	मो.पेश्की, १ नं वडा कार्यालय भवन निर्माण	१०३००००	
२३८	विमल चौतारी	पालिकाको संस्कृति झल्कने गीत प्रकाशन गर्न		३५०००
३२१	खुर्कोट युवा क्लव	सेतीखोला ट्रस व्रिज निर्माण		५८९११
५५	रविवाली सिँचाई निर्माण उ समिति	रविवाली सिँचाई निर्माण वडा नं ६ ७ र ८		१५००००
१४८	सामुदायिक भवन निर्माण उपभोक्ता समिति बाच्छा	सामुदायिक भवन निर्माण बाच्छा		१५००००
३२१	सेतीवेणी ट्रस व्रिज पुल निर्माण उ समिति	सेतीवेणी ट्रस व्रिज पुल निर्माण		३७९३२७
६९०	वडा कार्यालयको शौचालय र गेट निर्माण उपभोक्ता समिति	वडा कार्यालयको शौचालय र गेट निर्माण		५०००००
११	जनता आधारभूत विद्यालय	भौतिक तथा शैक्षिक पूर्वाधार विकास		१८०००००
१४	आम्बारी मा वि	भौतिक तथा शैक्षिक पूर्वाधार विकास		१८०००००
१४	चन्द्र मा वि	भौतिक तथा शैक्षिक पूर्वाधार विकास		१८०००००
१४	लक्ष्मी भवन मा वि	भौतिक तथा शैक्षिक पूर्वाधार विकास		१८०००००
१४	शालिग्राम मा वि	भौतिक तथा शैक्षिक पूर्वाधार विकास		१८०००००

https://nams.oag.gov.np

			६८	कुमार के सी	भौतिक तथा शैक्षिक पूर्वाधार विकास		७०००	
					जम्मा	१६६३५९३	१०२८०२३८	

पालिकाको म.ले.प.फा.न २११ मा आर्थिक वर्षको अन्त्यमा फछ्यौट नभई बाँकी रहेको पेश्की रु.१५५४३८३१।०० मध्ये लेखापरीक्षण डोरमा पे.फ भई पेश भएको रु.३६ लाख पे.फ. प्रयोजन गरी बाँकी रु.११९४३८३१।०० बेरुजू कायम गरिएको छ।

२९			**फिल्ड भत्ता**	८०५,८६०

नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७ को दफा ६ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च महङ्गी भत्ता र स्थानीय भत्ता बाहेकका अन्य कुनै पनि प्रकारका विशेष भत्ता प्रदान गर्ने नमिल्ने व्यवस्था गरेको छ।पालिकामा कार्यरत प्राविधिकहरुलाई कार्यपालिकाबाट निर्यण गरी मासिक निम्नानुसारको पदमा कार्यरत ८ जनालाई जम्मा रु ८०५८६०।०० खर्च भएको छ।मापदण्ड विपरीत भुक्तानी भएको भत्ता रकम अनियमित देखिएको रु...

सि न	कार्यरत पदको नाम	संख्या	मासिक खर्च(प्रति व्यक्ति)	वार्षिक खर्च
१	ईन्जिनियर	१	१०७९७	१२९५६४
२	सव ईन्जिनियर	१	८४६०	१०१५२०
३	अ सव ईन्जिनियर	६	७९८३	५७४७७६
	जम्मा	८		८०५८६०

३०			**सहकारीलाई अनुदान**	

पालिकाको स्वीकृत वार्षिक कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरण शिर्षकमा रकम विनियोजन भएकोमा पालिकाले आफ्नो क्षेत्रभित्रका महिला वचत तथा ऋण सहकारी संस्थाहरुलाई संस्थाको हर हिसाव राख्ने लेखा सफ्टवेयर खरिद गर्न ५ सहकारीलाई प्रति सहकारी कम्तिमा रु.३० हजारका दरले सफ्टवेयर खरिदका लागि जम्मा रु.१७००००।०० भुक्तानी दिएको पाइयो।सहकारीहरुले उक्त सफ्टवेयर प्रयोग गरे नगरेको एंव सहकारीमा सोको आवश्यकताका सम्वन्धमा एकिन हुन सकिएन।सोको प्रभाकारी प्रयोग गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३१			**शिर्षक फरक** पालिकाको स्वीकृत बार्षिक कार्यक्रममा कक्षा ८ तथा १,३ र ५ को उपलब्धी मापन व्यवस्थापनमा विनियोजन भएको रकमबाट पालिका अन्तर्गतका ५ वटा उच्च मा.वि.लाई कक्षा ११ को पश्नपत्र छपाई तथा अनुगमन भत्ता वापत जम्मा रु.११६७१२।०० खर्च लेखेको पाइयो।कूल खर्चको करिव ५२ प्रतिशत रकम परिक्षाको अनुगमनमा खर्च भएको छ।एउटा शिर्षकमा भएको रकम अन्यत्र शिर्षकमा खर्च लेखिएको एंव भएको खर्चमा भ्रमण तथा अनुगमन भत्तामा खर्च लेख्नु नियम सम्मत नदेखिएको रु...	१६,७१२
३२	320	२०७७-१२-४	**एक वर्ष बितिसक्दा समेत वितरण नभएको** पालिकाले वालविकास केन्द्रलाई शैक्षिक सामाग्री सहयोग शिर्षकबाट उल्लिखित मितिमा शिवशक्ति शैक्षिक सामाग्री विक्री केन्द्रबाट रु२०१५०९।०० को इ सि डि किट खरिद गरेकोमा खरिद गरी कार्यालयमा दाखिला भएको एक वर्ष वितिसक्दा समेत उक्त सामाग्री सम्वन्धितलाई वितरण भएको छैन।सम्पूर्ण कीट यथाशिघ्र वितरण गरी वितरणको भरपाई पेश गर्नुपर्ने रु...	२०१,५०९
३३			**लागत अनुमान** सार्वजनिक खरिद ऐन¸२०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको एंव नियमावली¸ २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मतसंभारको लागत अनुमान तयार गर्दा सो निकायमा सोसंग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था भएकोमा पालिकाले कार्यालयका सवारी साधन मर्मतमा विभिन्न पार्टीसंग वर्षभरीमा रु.१३ लाख १८ हजार खर्च भएको छ।नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा निम्न मिति र गोश्वारा भौचरबाट तपसिल बमोजिमको खर्च भएको देखियो।पालिकाले सवारी साधनहरुको मर्मत संभार गर्दा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत गरेको पाइएन।पालिकाले लागत अनुमान स्वीकृत गराएर मात्रै खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
३४			**पोशाक भत्ता** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।०१।२५ गते परिपत्र गरेकोमा पालिकाले निम्न व्यत्तिहरुलाई स्वीकृत दरवन्दी वेगर करार सेवामा लिई निर्णय विपरीत पोशाक खर्च भुक्तानी दिएकोले प्रति व्यक्ति भुक्तानी भएको रु.१००००।०० को १ प्रतिशतले हुने रकम कट्टी गरी बाँकी रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.	२९,७००

सि न	कर्मचारीको पद नाम थर	पोशाक भत्ता
१	अ.न.मी सिन्धु हमाल	९९००
२	अ.न.मी अञ्जली क्षेत्री	९९००
३	अ.न.मी अञ्जु भुसाल	९९००
	जम्मा	२९७००

३५

आन्तरिक आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष आन्तरिक आय वापत रु.१९ लाख ३२ हजार आम्दानी देखिएको छ।पालिकाले आवश्यक म.ले.प.फा.न.हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३६

उत्खनन परिमाण

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट जारी भएको ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा ब्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ७ मा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट नापजाँचका आधारमा उत्खनन तथा क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनुपर्ने व्यवस्था गरेको छ। मंडला ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि ले दिएको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन, २०७७ मा विभिन्न ८ वगरहरुमा वार्षिक जम्मा हुने परिमाण २४३६७.५० घनमिटर भएकोमा उत्खनन गर्न सकिने परिमाण जम्मा भएको परिमाणको ५०% प्रतिशत मात्र उत्खनन गर्न सकिने प्रतिवेदनमा उल्लेख छ।सोही मापदण्डको दफा ७(६) मा संकलनकर्ताले उत्खनन तथा संकलन गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४ (क) बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेकोमा संकलनकर्ताले सो बमोजिमको अभिलेख नराखेकोले कति परिमाणमा उत्खनन भएको भनी एकिन गर्न सकिएन।भण्डारण भएको कति % उत्खनन भएको सम्वन्धमा वास्तविकता एकिन नहुने भएकोले प्रतिवेदनमा उल्लेखित परिमाणमा ठेक्का वन्दोवस्त नहुदा पालिकामा ५०% ले कम राजश्व संकलन हुने देखियो।पालिकाले अनुसूची ४ बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्दछ।

३७

राजश्व समयमा दाखिला नभएको

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक रुपमा प्राप्त भएको राजश्व स्पष्ट देखिने गरी श्रेस्ता खडा गरि सोही दिन वा सोको भोलीपल्ट दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिका अन्तर्गतका निम्न वडाहरुले विभिन्न शिर्षकमा संकलन गरेको राजश्व रकम समयमा दाखिला गरेको पाइएन। संकलित राजश्व समयमा दाखिला नभएकोले समयमा दाखिला नगर्ने सम्वन्धित पदाधिकारीहरु जिम्मेवार बनाई समयमा दाखिला नभएको रमकको प्रचलित कानूनको व्याज समेत एकिन गरि समयमा नै दाखिला गर्ने गराउने तर्फ पालिकाले विशेष ध्यान दिनु पर्ने देखियो।वडाबाट संकलित राजश्वको दाखिला तथा अन्य स्थिति यस प्रकार रहेको छ।

वडा नं	जिम्मेवार व्यक्तिको नाम	संकलित राजश्व	दाखिला भएको रकम	पहिलो दाखिला मिति
१	लक्ष्मी प्रसाद आचार्य	३०४४१२	३०४४१२	२०७७।८।९
२	रामु पौड्याल	२७५७७४	२७५७७४	२०७७।७।२९
३	अर्चना शर्मा	२३३१०३	२३३१०३	२०७७।७।२९
४	ईश्वरी प्रसाद भुसाल	१२९७३२	१२९७३२	२०७७।५।२४
५	केशव पौडेल	१५९९००	१५९९००	२०७७।५।२४
६	सुन कुमारी भट्टराई	१९०८९०	१९०८९०	२०७८।३।३१
	जम्मा	१२९३८११	१२९३८११	

३८

व्यवसाय दर्ता तथा नवीकरण

पालिकाद्धारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन, २०७७ मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता गर्नुपर्ने तथा ऐ. ऐनको अनूसूचीमा तोकिए बमोजिम कर निर्धारण गरि असूल गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाको क्षेत्रभित्र संचालित केही बाहेक अधिकांश व्यवसायीहरु पालिकामा दर्ता भई करको दायरामा आएको पाइएन।पालिकाभित्र २०७८।७९ सम्म दर्ता भएका व्यवसायीको संख्या १०७ रहेका छन भने खारेजी शुन्य एंव नवीकरण समेत शून्य रहेको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ।नियमानुसार व्यवसाय नवीकरण गरी कर संकलन गर्ने तर्फ पालिकाले विषेश ध्यान दिनुपर्दछ।

३९			**अमानतबाट कार्य भएको** नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट जारी भएको ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा ब्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ७ मा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट नापजाँचका आधारमा उत्खनन तथा क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनुपर्ने व्यवस्था गरेको एंव सोही दफा १८ मा नदीजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्ने उल्लेख छ।पालिकाले यस आ व मा विभिन्न ४ वटा वगरहरुबाट सम्वन्धित वडाका वडाध्यक्षको रोहवरमा रहने गरी संकलनको रेखदेख गर्ने हेरालु राखी जम्मा रु.१४११५७५।०० संकलन गरी सोको २०% ले हुने रु.२८२३१५।०० हेरालु खर्च कटाई रु.११२९२६०।०० आम्दानी गरेको पाइयो।पालिकाले उल्लिखित मापदण्ड तथा प्रतिवेदनमा भएको परिमाणलाई आधार नलिई कार्यपालिकाले आफैले निर्यण गरी राजश्व संकलन गरेको पाइयो।यसरी राजश्व संकलन गर्नु औचित्यपूर्ण देखिएन।पालिकाले मापदण्डमा भएका व्यवस्थाको पूर्ण रुपमा परिपालना गर्नुपर्दछ।	
४०			**औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेखछ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.१०४४९६४।०० को औषधी गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः · आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको, · आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको, · औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, · पालिकाद्वारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको, · म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको, · पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
४१			**यातायात सुविधाः**	६,८००

<table>
<tr><td></td><td></td><td></td><td>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बनधी ऐन, २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको यातायात खर्च सम्बन्धी व्यवस्था गरिएको छ।तल उल्लिखित कार्यक्रमहरुमा सहभागी भएवापत वडाका पदाधिकारीहरुले यातायात खर्च बुझेको पाईयो।सुविधा अन्तर्गत नै यातायात सुविधा पर्ने भएको हुंदा उक्त रकम दोहोरो पर्ने देखिन्छ।अतः उक्त दोहोरो परेको रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>कार्यक्रमको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>११८।२०७७।१०।२३</td><td>पोषणमैत्रि स्वास्थ्य संस्था घोषणा</td><td>२०००</td></tr>
<tr><td>१२७।२०७७।११।१२</td><td>नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम समिक्षा</td><td>४८००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पारिश्रमिक करः
आयकर ऐन,२०५८ को दफा ८ मा रोजगारीवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले कर्मचारीको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. ६४९१।००
<table>
<tr><th>नाम</th><th>वार्षिक आय</th><th>कुल कट्टी</th><th>करयोग्य आय</th><th>तिर्नुपर्नेकर</th><th>तिरेको कर</th><th>वाँकी कर</th></tr>
<tr><td>हरि प्रसाद भुसाल</td><td>७३६४५८</td><td>२२०७७६</td><td>५१५६८२</td><td>११०६८</td><td>४५७७</td><td>६४९१</td></tr>
</table>
</td><td>६,४९१</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>हातिपाईले रोग नियन्त्रण कार्यक्रमः
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी भएको आ.व. २०७७।७८ मा शर्शत अनुदानतर्फ स्थानीय तहवाट कार्यान्वियन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धि कार्यक्रमहरुको लागि संचालन मार्गदर्शनको इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रमको क्रियाकलाप नं २.७.२२.७० को कार्यक्रम नं ट मा पालिका स्तरमा प्रतिस्वास्थ्यकर्मी प्रतिदिन १४० जना जनसंख्यालाई औषधि सेवन गराउने र सोही अनुपातमा स्वास्थ्य स्वयंसेविका समेत परिचालन हुने गरी वजेट व्यवस्थापन गरिएकोमा पालिका भित्र ९९४३ जना जनसंख्यालाई औषधि सेवन गराउन ७१ जना स्वास्थ्यकर्मी र सोही अनुपातमा स्वास्थ्य स्वयंसेविका परिचालन गर्नुपर्नेमा ८७ जना स्वास्थ्यकर्मी र ९९ जना महिला स्वयंसेवक परिचालन गरि खर्च लेखेको पाईयो।नर्मस भन्दा वढी भुक्तानी भएको स्वास्थ्यकर्मी १६ जनाको रु.७०० का दरले रु. ११२००। र स्वयंसेविका २८ जनाको रु.६०० का दरले रु. १६८००। समेत गरी कुल रु.२८००० असूल गर्नुपर्ने रू.</td><td>२८,०००</td></tr>
</table>

<table>
<tr>
<td>४४</td>
<td>२२५</td>
<td>२०७८-२-१०</td>
<td>
शिक्षण सिकाई अनुदानः
शिक्षण सिकाई अनुदान कार्यविधि,२०७७ को परिच्छेद २ दफा ३ (क) मा कक्षा १० सम्म न्यूनतम तिन शैक्षिक सत्रसम्म विद्यार्थीलाई माध्यामिक परीक्षा (एसईई) मा सहभागि गराएको विद्यालयलाई मात्र शिक्षण सहयोग अनुदान उपलब्ध गराउने र दफा ५ को २(१) मा स्थानीय तहमा पुलमा दरवन्दी रहेको विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलब्ध नगराउने व्यवस्था रहेको छ। पालिकामा संघिय सरकार मार्फत अंग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान वापत रु.१९४४०००। वजेट निकासा भएकोमा वजेट फिर्ता नगरी विद्यालयवाट अध्ययन अध्यापन कार्यमा सहयोगको लागि माग भए अनुसारकै देहाय वमोजिमको ९ वटा शिक्षक दरवन्दी भएको र आधारमभूत तहका विद्यालयलाई रु.६५००० का दरले कुल रु.५८५०००। अनुदान निकासा दिएको पाईयो।उक्त कार्यविधि विपरित वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>विद्यालयको नाम</th><th>विषय</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>चन्द्र मा.वि.</td><td>विज्ञान</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>२</td><td>लक्ष्मी आ.वि.</td><td>गणित</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>३</td><td>शिला आ.वि.</td><td>विज्ञान</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>४</td><td>जनविकास आ.वि.</td><td>गणित</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>५</td><td>आम्बारी मा.वि.</td><td>विज्ञान</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>६</td><td>आम्बारी आ.वि.</td><td>अंग्रेजी</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>७</td><td>रानीपानी आ.वि.</td><td>गणित</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>८</td><td>जनता आ.वि.</td><td>विज्ञान</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td>९</td><td>वहाकी मा.वि.</td><td>गणित</td><td>६५०००</td><td>निमावि तह</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५८५०००</td><td></td></tr>
</table>
</td>
<td>५८५,०००</td>
</tr>
<tr>
<td>४५</td>
<td>५०२</td>
<td>२०७८-३-२४</td>
<td>दिवा खाजा अनुदान कार्यक्रमः</td>
<td>२००,०००</td>
</tr>
</table>

			कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रतिविद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षवाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था भएकोमा पालिकाले पालिकाको वित्तिय समानिकरण पूजिंगतवाट विद्यालयको विद्यार्थी हाजिरी वेगर कार्यविधिमा भएको व्यवस्था विपरित कक्षा ६-१२ सम्मको शालिग्राम मा.वि.को विद्यार्थीको लागि रु.२०००००। अनुदान निकासा दिएको पाईयो।शर्शतको कार्यक्रमवाट नै बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थीहरुलाई दिवा खाजा रकम अनुदान उपलब्ध हुनैं हुँदा उक्त रकम आवश्यक पर्ने देखिदैन। दिवा खाजा कार्यक्रमको मर्म, प्रभावकारीता तथा औचित्यताको मूल्यांकन नगरी निकासा दिएको उक्त रकम सम्वन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु.२०००००।००	
४६	२२०	२०७८-२-१०	**पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको प्रक्रिया अगाडी वढाँउदा चालु आ.व समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानि निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकासा दिने परिपत्र भएकोमा पालिकाले गो.भौ.न २२० मिति २०७८।२।१० वाट ७५% अनुदान वापत रु. १५०५९०७।०० र गो.भौ.न. ३६२ मिति २०७८।३।२४ वाट थप नपुग पाठ्यपुस्तक अनुदान रु. २७३७९१ समेत गरी रु.१७७९६९८।०० निकासा दिएको पाईयो। पालिकाले विद्यार्थी भर्ना संख्या एकिन नभएको अवस्थामा पालिकाका ४५ विद्यालयलाई देहायवमोजिम IEMIS तथ्यांकअनुसारका विद्यार्थी संख्यालाई आधार मानि निकासा दिनुपर्नेमा उक्त तथ्यांकभन्दा वढी निकासा दिइएकोले वढी निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु. २९४२९५।००	२९४,२९५

कक्षा	IEMIS अनुसार विद्यार्थीसंख्या	पाठ्यपुस्तक दर	जम्मा रकम
१	२५६	५१८	१३२६०८
२	२१४	५५७	११९१९८
३	२१५	५८१	१२४९१५
४	१९३	३७०	७१४१०
५	२२८	४०८	९३०२४
६	२१७	६९८	१५१४६६
७	२०९	८७३	१८२४५७
८	२५५	८९८	२२८९९०
९	२६१	७५५	१९७०५५
१०	२७१	६८०	१८४२८०
निकासा गर्नुपर्ने रकम (१००%)			१४८५४०३
निकासा दिएको रकम (७५%)			१५०५९०७
थप निकासा (२५%)			२९३७९१
कुल निकासा			१७७९६९८
बढी निकासा			२९४२९५

https://nams.oag.gov.np

४७			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगा रव्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथाबाटो निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १९८ जनालाई रोजगारी उपलव्ध गराई रु.७७ लाख ९५ हजार खर्चगरेकोछ।लक्षित वर्गलाई ६५ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।	
४८			**फरक नर्मसको प्रयोगः** पालिकाले निर्माण कार्यको दररेट निर्धारण गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट वा तोकिएको दररेटको आधारमा प्रति इकाई लागत निर्धारण गर्नुपर्दछ।पालिकामा नेपाल सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विपन्न श्रमिकको दैनिक ज्याला प्रतिदिन रु.५१७।०० निर्धारण गरी स्थानीय तहमा वजेट निकासा भएको छ।स्थानीय ग्रामिण तथा कृषि सडकको स्वीकृत नर्म्स नं २-१ २.२, २- १.८ र २-१.९ मा सडक तथा ड्रेनमा नरम माटो खन्ने प्रति घनमिटर कार्यमा लाग्ने मानिसको परिमाण ०.५ भएकोमा प्रधानमन्त्री कार्यक्रम अन्तर्गत नमुना छनौटको आधारमा निम्न योजनामा उक्त कार्यको लागत अनुमानमा म्यानडेज ०.५ नभई ०.७ राखी लागत अनुमान तयार गरेको पाइयो।यसरी लागत अनुमान भएको कारणबाट संघीय सरकारलाई थप व्ययभार परेको रु.	८०८,७२२

योजनाको नाम	कामको विवरण	परिमाण (घनमिटर)	हुनुपर्ने म्यानडेज	भएको म्यानडेज	फरक म्यानडेज	दर	बढी खर्च
भट्टराई थर गहते देउरानी माझगाउँ ठाँटी पैदल मार्ग	नरम माटो काट्ने कार्य	१०८०.५३	०.५	०.७	०.२	५१७	१११७२७
सुनडाँडा पैदलमार्ग निर्माण योजना	नरम माटो काट्ने कार्य	७५०.३८	०.५	०.७	०.२	५१७	७७५८९
हाडिखर्क तलातुम पैदल मार्ग	नरम माटो काट्ने कार्य	४१६.०९	०.५	०.७	०.२	५१७	४३०२४
खाल्टा नयाँपोखरा लौके पदमार्ग	नरम माटो काट्ने कार्य	७१२.९	०.५	०.७	०.२	५१७	७३७१४
लौचडी किलाडाँडा गोलाङ्ग लामगरा बाटो	नरम माटो काट्ने कार्य	१७६०.०४	०.५	०.७	०.२	५१७	१८१९८८
छतिडाँडा लौके गहते नमेदी पदमार्ग	नरम माटो काट्ने कार्य	५५३.०४	०.५	०.७	०.२	५१७	५७१८४
शितल गुफा कातिके भुतेखोला कालिगण्डकी पदमार्ग	नरम माटो काट्ने कार्य	७५४.३४	०.५	०.७	०.२	५१७	७७९९९
शाखा सडक देखि इक्रेनी हुँदै पनौति पैदल मार्ग योजना	नरम माटो काट्ने कार्य	७७२.७५	०.५	०.७	०.२	५१७	७९९०२
खत्रेटी डाँडीखर्क गेप्ताङ्ग खरिवोट जोगीखाल्टा पदमार्ग निर्माण योजना	नरम माटो काट्ने कार्य	१०२१.२३	०.५	०.७	०.२	५१७	१०५५९५

			जम्मा ८०८७२२	
४९	४०४	२०७८-२-२६	**सामाग्री खरिदः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ६८ मा कामका लागि पारिश्रमिकमा आधारित रोजगार आयोजनाको लागि मन्त्रालयवाट प्राप्त रकम पारिश्रमिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले योजनाहरुको लागत अनुमान तयार गर्दा अदक्ष कामदारको लागि भनी ग्रामिण पुर्वाधार विकास बिभागबाट सन् १९९८ मा जारी भएको वर्क नर्म्स अनुसार अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गरिएकोमा पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि भनी पूनः छुट्टै औजार उपकरण रु.११६८२१ वरावरको खरिद गरि खर्च लेखेको पाईयो। टुल्स एण्ड प्लान्ट लागत अनुमान राखि सोही वमोजिम रकम खर्च लेख्नु र उहि प्रयोजनका लागि औजार उपकरण खरिदमा खर्च भएको रकम वरावरले स्थानीय सरकारलाई थप व्ययभार परेको रु.	११६,८२१
५०	२३७	२०७७-१२-८	**वढी अनुदानः** गण्डकी प्रदेश सरकारले तयार पारेको साना सिंचाई मापदण्ड कार्यक्रम,२०७७ बुंदा नं २(क) मा कुलो, सिमेन्ट पोखरी, प्लास्टिक पोखरी, ट्याङ्की, बोरिङ पाइप विस्तार, लिफ्टिङ पाईप आदिको निर्मांण कार्य तथा विस्तार गर्दा कुल लागतको ९० % सम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले बिसमुरेको पुछार सिंचाई टंकि निर्माण कार्य गर्दा कार्य सम्पन्न रु. २०६९७१ वरावरको भएकोले मापदण्ड वमोजिम रु. १८६२७४।०० अनुदान निकासा दिनुपर्नेमा रु. २००००० अनुदान निकासा दिएको पाईयो।उक्त वढी निकासा दिएको रु. १३७२६ सम्बन्धित समितिवाट असूल गर्नुपर्ने रु.	१३,७२६
५१			**विल भरपाई वेगरको भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण कागजात, संलग्न गर्नुपर्ने उल्लेख छ साथै उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार रु ६०७५००।-भुक्तानी गरेकोमा सम्बन्धितले बुझेको/ वितरण गरेको भरपाई संलग्न नभएकोले सो को सम्बन्धितले बुझेको भरपाई पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु	६०७,५००

गो.भौ नं र मिति	कामको विवरण	रकम
७०७...२०७८।३।२७	वडा नं ३ को बैठक भत्ता वितरण गरेकोमा सम्बन्धितले बुझेको भरपाई पेश नभएको	११४०००
२६...२०७७।७।१८	१५० टनेल खरिद गरी वितरण गरेकोमा वितरण गरेको भरपाई पेश नभएको	४९३५००
		६०७५००

५२

पुँजीगतवाट चालु खर्च

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस पालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु.२९६४५१६/- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश कृषी तथा पशुसेवासंग सम्बन्धित वितरणमुखी कार्यक्रम, राहत वितरण, बैठक भत्ता, आमा समुहलाई भाडा खरिद लगायतका वितरणमुखी एवं अनुत्पादक खर्च समावेश भएका देखिन्छ। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य उचित देखिएन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् ।

गो.भौ.न.मिति	चालुप्रकृतिका/ वितरणमुखीखर्च विवरण	रकम
७१०-२०७८।३।२७	वडा नं ४ को बैठक भत्ता	२२८०००
७०९-२०७८।३।२७	वडा नं ५ को बैठक भत्ता	१५४०००
७०८-२०७८।३।२७	बडा नं २ को बैठक भत्ता	२७८०००
७०७-२०७८।३।२७	बडा नं ६ को बैठक भत्ता	७००००
७०६-२०७८।३।२७	वडा नं ३ बैठक भत्ता	११४०००
५८१-२०७८।३२१	विभिन्न व्यक्तिलाई राहत वितरण	३३०००
५७०२०७८।३।२०	विभिन्न व्यक्तिलाई राहत वितरण	५१०००
५९१-२०७८।३।२१	आमा समुहलाई भाडा खरिद	६५०००
५९०-२०७८।३।२१	नेवार समाजलाई जात्रा खर्च	५४९५५
५०४-२०७८।३।१४	भेटनरी औषधि खरिद	१७७९३७
५२५-२०७८।३।१६	वडा नं १ को वडा समिति बैठक	७३०००
४५०-२०७८।३।८	आधुनिक चुलो वितरण	१०९२००
४३८-२०७८।३।६	पशुपालन कार्यक्रम	९००००
४७९-२०७८।३।१२	लोकल कुखुरा पालन अनुदान	११५०००
४६३-२०७८।३।९	राहत वितरण	११५०००
४३४-२०७८।३।६	राहत वितरण	७००००

https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३७१-२०७८।१।१६</td><td>अदुवाको विउ वितरण</td><td>२०५०००</td></tr>
<tr><td>१२२-२०७७।१०।६</td><td>च्याउ खेति तालिम</td><td>१८००००</td></tr>
<tr><td>४१-२०७७।८।२२</td><td>प्लाष्टीक टनेल / त्रिपाल वितरण</td><td>११३३३०</td></tr>
<tr><td>२६-२०७७।७।१८</td><td>प्लाष्टीक टनेल वितरण</td><td>४९३५००</td></tr>
<tr><td>२२-२०७७।७।१४</td><td>प्लाष्टीक टनेल / त्रिपाल वितरण</td><td>१७४५९४</td></tr>
<tr><td></td><td></td><td>२९६४५१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>लागत अनुमान नभएको
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख भन्दा बढी रकमको परामर्श सेवाको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली ,२०६४ को नियम ९ को अधिनमा रही नियम १२ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले पालिका अन्तर्गतको कालीगण्डकी नदीका बगरहरुको ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन कार्यको प्रारम्भिक वातावरण परीक्षण तयारी कार्यको लागि मंडला ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा लिसंग रु.२९३८००।०० मा संझौता गरी भुक्तानी भएको छ।उक्त कार्यको लागि पालिकाले लागत अनुमान तयार गरेको पाइएन।यसरी ऐन तथा नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी भएको खर्च अनियमित देखिएको रु...</td><td>२९३,८००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>स्वीकृत दरवन्दी वेगरको करार सेवा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने साथै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,२०७७ को दफा ४ (२) मा सार्वजनिक निकायले स्वीकृत दरवन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था गरेको छ।पालिकाले उल्लिखित मापदण्ड तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको अ.न.मी.पदमा जम्मा ३ जनालाई मासिक रु.६००००।०० का दरले दशै खर्च समेत १३ महिनाको जम्मा रु.७८००००।०० भुक्तानी भएको रकम अनियमित देखिएको रु</td><td>७८०,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>विद्यालयमा विद्युतिय हाजिरी</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिका अन्तर्गतका ९ माध्यमिक विद्यालयहरुमा समयमा विद्यालयमा उपस्थितिकोलागि हाजिरी व्यवस्थापन गर्न विद्युतिय हाजिरी जडान गरी एब्सोलुट सोलुसन इन्टरप्राइजेज ललितपुरलाई रु.२४९७३०।०० भुक्तानी भएको छ।लेखापरीक्षणको क्रममा मिति २०७८।११।८ गते १०:४५ मा ९ वटै विद्यालयको हाजिरी परीक्षण गर्दा १४२ शिक्षक मध्ये ८ जनाले मात्रै इ हाजिरी गरको पाइयो।विद्यालयमा शिक्षककहरुको उपस्थिति समयमा नभएर हो वा विद्युतिय हाजिरी मेशिनले कार्य नगरेर सो हुन गएको सो सम्वन्धमा एकिन हुन सकिएन।यस सम्वन्धमा पालिकाले यथार्थता एकिन गरी सोको प्रभावकारी प्रयोग गर्ने गराउने तर्फ ध्यान दिनुपर्ने देखियो।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>दोहोरो पाठ्यपुस्तक अनुदान
कार्यक्रम कार्यान्वियन पुस्तिका,२०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासा गर्दा निशुल्क पाठ्यपुस्तक वापतको शत प्रतिशत अनुदान विद्यालयमा निकसा दिने परिपत्र बमोजिम पालिकाले सर्शत अनुदानबाट पालिका अन्तर्गतका ३० विद्यालयलाई उक्त शिर्षकमा गो भौ नं र मिति २२०।२०७८।२।१० बाट जम्मा रु.१५ लाख ६ हजार निकासा दिएकोमा पालिकाले उल्लिखित विद्यालयलाई चालु शिर्षकबाट १ देखि ३ सम्मका विद्यार्थीहरुको लागि अंग्रेजी माध्यमको गणित विषयको पाठ्यपुस्तक खरिदको लागि दामासाहीले जम्मा रु.३०५४६८।०० निकासा दिएको पाइयो।उक्त विद्यालयमा कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि निम्न अनुसार सेटको रकम र अंग्रेजी माध्यमको विषयको समेत रकम निकासा भएकोले दोहोरो भुक्तानी भएको रकम सम्वन्धित विद्यायलहरुबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..
<table>
<tr><th>सि न</th><th>कक्षा</th><th>विद्यार्थी संख्या</th><th>भुक्तानी भएको गणित विषयको दर</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>१</td><td>२५५</td><td>३७६</td><td>९५८८०</td></tr>
<tr><td>२</td><td>२</td><td>२५७</td><td>४३५</td><td>१११७९५</td></tr>
<tr><td>३</td><td>३</td><td>२४०</td><td>४२८</td><td>१०२७२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३१०३९५</td></tr>
</table></td><td>३१०,३९५</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>पोशाक खर्च</td><td>४४,३२८</td></tr>
</table>

स्थानीय सरकार संचालन ऐन २०७४ तथा गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा नगरसभा तथा जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ मा समेतन्यायिक समितका संयोजक तथा सदस्यलाई कालोकोट (पोशाक) खर्चको सुविधा नभएकोमा गाउँपालिकाले वडा नं का निम्नानुसार सदस्यहरुलाई कालोकोट (पोशाक) बापत खर्च भुक्तानी दिएकोले कानूनमा व्यवस्था नभएको सुविधा वापतको कर कट्टी गरी भुक्तानी भएको जम्मा रु.४४३२८।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु

सि न	पद	नाम थर	भुक्तानी लिएको रकम
१	सदस्य	जमुना ढकाल पौडेल	७३८८
२	सदस्य	छविलाल न्यौपाने	७३८८
३	सदस्य	देउमाया ठडाली	७३८८
४	सदस्य	मोहन सिंह सुनार	७३८८
५	सदस्य	सुन कुमारी भट्टराई	७३८८
६	सदस्य	गणेश आले	७३८८
		जम्मा	४४३२८

५८

सम्झौता अनुसार विमा नगरेको

निर्माण व्यवसायी र कार्यालय विच निम्नानुसार कार्य गर्नको लागि सम्झौता भएकोमा सम्झौताको SCC 19.1 मा ठेक्का सम्झौताको रकम को विमा गर्नुपर्ने प्रतिशत, मेशिन, सम्पत्तीको नोक्सानी र श्रमिकको के कति विमा गर्नुपर्ने खुलाएको देखिन्छ । लेखापरीक्षणको क्रममा केहि विमाको विलको नमुना परिक्षण गर्दा सम्झौता अनुसार विमा गराएको पाइएन । पालिकाले विमाको भुक्तानि दिँदा सम्झौता अनुसारको विमा गरे नगरेको यकिन गरी भुक्तानी दिनुपर्ने र विमाको रकम भुक्तानी भईसकेकाको हकमा सम्झौता अनुरुप विमा गराउने तर्फ थप पहल गर्नु पर्ने देखिन्छ ।

योजनाको नाम	SCC मा भएको विमाको प्रावधान	पेश गरको पोलिसी अनुसार विमा गरेको अवस्था
शालिग्राम स्वास्थ्य चौकी निर्माण	The minimum coverage for loss of or damage to the works, plants and materials is 115% of Contract amount	सम्झौता रकम रु ३२४६६३९.४३ मा १५ प्रतिशत थप रकम बराबरको विमा गर्नुपर्नेमा सम्झौता रकम बराबरको मात्र विमा गरेको पोलिसी पेश गरेको।
	The minimum coverage for loss of or damage of equipment- ५०००००	Construction plant and equipment - 0
	The minimum coverage for insurance of other property is - 1000000	other property कोinsurance नगरेको
	The minimum coverage for insurance of Personal Injury: Other People -500000	Other people को विमा नगरेको

५९			**सक्कल बिजक पेश नभएको** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले वर्राचौर वडा कार्यालय निर्माण कार्यको लागि इशानी डिजाइनर एण्ड विल्डर्शलाइ प्रथम रनिङ् विल वापत रु १२६९६०३।भुक्तानी गरेकोमा निजले सक्कल विजक पेश नगरेको देखिएकोले मु अ कर वापत भुक्तानी भएको रु १४६०६०।- कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा ५० प्रतिशत मू.अ.कर असुल गर्नुपर्ने रु	१४०,०८६
६०			**प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विलविजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँचगरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।त्यस्तै आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नुपर्नेमा पालिकाले यस आ.व. मा गत विगतमा बाटो सफा गरेको भनी प्राविधिक मूल्याङ्कन वेगर नै भुक्तानी दिन वाँकीको कच्चावारी समेत नराखि देहायको रु	६४२,५९७

६४२५९७।– भुक्तानी गरेको पाइयो। यसरी गत विगतको कामको भुक्तानी दिन बाँकी कच्चावारी नराखी ३ वर्ष अगाबै देखिको काम प्राविधिक मुल्याङ्कन समेत नगरी भुक्तानी भएकोले यथार्थमा काम भए नभएको यकिन हुन नसकेकोले उक्त कार्यको प्राविधिक मूल्याङ्कन पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

गोश्वरा भौचर नं र मिति	कामको विवरण	आर्थिक वर्ष	भुक्तानी लिनेको विवरण	रकम
६४९-२०७८।३।२४	गाउँपालिका भित्रको विभिन्न सडक सरसफाई	२०७४।७५	माता रम्भादेवी निर्माण सेवा प्रा.ली	१३९७००
		२०७५।७६		९९४००
		२०७६।७७		१५७५००
		२०७७।७८		५६९९८
६४७-२०७८।३।२४	गाउँपालिका भित्रको विभिन्न सडक सरसफाई	२०७५।७६	ए.पी सि. कन्स्ट्रक्शन	७७०७०
		२०७६।७७		१११९२९
				६४२५९७

६१

रितपुर्वको कर विजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्न निर्माण व्यवसायीलाई मु अ कर वापत रु.४८०३९४।... भुक्तानी गरेकमा निजहरुले पेश गरेको कर विजकमा विजक नं केरमेट भएको, विजक A4 साइजको पेपरमा प्रिन्ट गरेको र विजक नं पनि Printed भएको देखिएकोले भुक्तानी भएको मु अ कर को कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा रु २४०३७७ असुल गर्नुपर्ने रु

४८०,९९४

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>गोश्वरा भौचर नं र मिति</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>विजक नं र मिति</th><th>भुक्तानी मु अ कर</th><th>५० प्रतिशत मु अ कर</th><th>कैफियत</th></tr>
<tr><td>८-२०७८।३।२७</td><td>शालिग्राम हेल्थ पोष्ट निर्माण</td><td>सातविसे कन्स्ट्रक्शन</td><td>७९, २०७८।३।२१</td><td>३३८६४८</td><td>१६९२३४</td><td>विजक नं केरमेट</td></tr>
<tr><td>७०१...२०७८।३।२७</td><td>वडा कार्यालय शौचालय र गेट निर्माण</td><td>योजक निर्माण सेवा</td><td>०३,२०७८।३।११</td><td>१४२२८६</td><td>७११४३</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>४८०३९४</td><td>२४०३७७</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६२</td>
<td>३२५</td>
<td>२०७८-२-६</td>
<td>विमाको बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्यकुनै विल विजकको भुक्तानी गर्दा करार का शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेउल्लेखछ ।शालिग्राम वडा कार्यालय निर्माण कार्यको तस्रो रनिङ् विल भुक्तानी गर्दा विमा वापत रु २०४५६।- भुक्तानी भएकोमा उक्त विमा वापतको रकम दोश्रो रनिङ् विलमा समेत भुक्तानी भएको देखिएकोले दोहोरो भुक्तानी भएको रु २०४५६।- असुल हुनुपर्ने रु.</td>
<td></td>
</tr>
<tr>
<td>६३</td>
<td></td>
<td></td>
<td>पेश्की कम कट्टी गरेको
गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि गाउँपालिका र निर्माण व्यवसायी धलिखेल निर्माण सेवा विच भएको सम्झौताको SCC को ५७.३ मा पेश्की कट्टी गर्दा कामको मूल्याङ्कन सम्झौता रकमको ३० प्रतिशतभन्दा बढी भएपछि प्रत्येक रनिङ् विलको मुल्याङ्कन रकमको ५० प्रतिशतको दरले कट्टा गर्दै लैजाने उल्लेख छ । पालिकाले निम्नानुसार रनिङ् विल भुक्तानी गर्दा सम्झौता अनुरुप ५० प्रतिशत कट्टा नगरि कम दरमा निम्नानुसार पेश्की कट्टी गरी भुक्तानी गरेको देखिन्छ । यसरी भुक्तानी गर्दा पेश्की समयमा पेश्की फछर्यौट नहुने हुनाले पालिकाले सम्झौतमा भएको प्रावधानको पालना गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
</table>

गोश्वारा भौचर नं र मिति	रनिङ् विल	मू अ कर र पि एस वाहेको रकम	पेश्की कट्टी रकम	पेश्की कट्टी हुनुपर्ने रकम	पेश्की कम कट्टी
३६८-२०७८।१।२०	तेस्रो रनिङ् विल	४२०१९०४०	२०००००	२१००९५२	१९००९५२
५५५-२०७८।३।१८	चोथो रनिङ् विल	५९४२६४५.१२	१९५३०००	२९७१३७२	१०१८३७२
					२०१९१२४

६४			**बिस्तृत नापिकिताब** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले शालिग्राम स्वास्थ्य चौकी निर्माण कार्यको लागि सातविसे कन्स्ट्रक्शनलाई विल भुक्तानी दिँदा प्रयोग भएको फलामे डण्डीको साइज अनुसारको बिस्तृत रुपमा नापीमा गणना नगरी आर सि सि को १.९ प्रतिशतको आधारमा फलामे डण्डीको परिमाण गणना गरी ६०५८.८५ के जि को प्रति के जि रु १०० का दरले रु ६०५८८५।- भुक्तानी दिएको देखियो।यसरी निर्माण कार्यमा प्रयोग भएको फलामे डण्डीको बिस्तृत नापि किताब (Bar schedule) तयार नगरी भुक्तानी दिँदा निर्माण कार्यमा प्रयोग भएको डण्डीको वास्तविक परिमाण एकिन गर्न नसकिने भएकोले विस्तृत नापीको प्रमाण पेश हुनुपर्दछ।	
६५			**पूर्व निर्धारित क्षतिपूर्ति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा परामर्शदाताको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिनुपर्ने उल्लेख छ। त्यस्तै कार्यालय एंव परामर्शदाता बिच भएको सम्झौतामा पनि समयमा काम सम्पन्न हुन नसकेमा प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिने व्यवस्था छ।पालिकाले औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई) तयारी गर्ने कार्यको लागि परामर्शदाता बारवरा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.लाई मू.अ.कर वाहेक रु.४३९५००।०० भुक्तानी दिएको पाइयो।उक्त कार्य गर्नको लागि मिति २०७७।६।१४ मा संझौता गरी २०७७।८।१३ मा संपन गर्नुपर्ने गरी संझौता भएकोमा परामर्शदाताले तोकिएको अवधिमा काम नसकी मिति २०७७।११।२३ मा कार्य सम्पन गरी भुक्तानीको लागि निवेदन पेश गरेको छ।उल्लिखित आधारमा निज परामर्शदाताबाट १०० दिन ढिला गरी काम भएकोले संझौता बमोजिम प्रतिदिनको रु.२४८।०० का दरले हुने जम्मा रु.२४८००।०० सम्वन्धितबाट पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु	२४,८००
६६			**लागत अनुमान**	४९६,६३५

			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख भन्दा बढी रकमको परामर्श सेवाको खरिद गर्दा लागतअनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली ,२०६४ को नियम ९ को अधिनमा रही नियम १२ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले औद्योगिकग्रामको आ.ई.ई प्रतिवेदन तयारी कार्यको लागि बारवरा इन्जिनियरिङ कम्पनी प्रा.लि. संग रु.४९६६३५।०० मा संझौता गरी भुक्तानी भएको छ।उक्त कार्यको लागि पालिकाले लागत अनुमान तयार गरेको पाइएन।यसरी ऐन तथा नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी भएको खर्च अनियमित देखिएको रु....	
६७			**प्राविधिक मूल्यांकन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वील वा विजकको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक मूल्यांकन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले कोभिड-१९ आइसोलेशन भवन निर्माण कार्यको लागि निवास इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. लाई रु.४७२९१६।०० भुक्तानी भएकोमा सोको प्राविधिक मूल्यांकनमा आइटम तथा दर तल माथि भएकोले उक्त कार्यको वास्तविक प्राविधिक मूल्यांकन भएको प्रमाण पेश गर्नुपर्ने रु...	४७२,९१६
६८			**टुल्स एण्ड प्लान्टको भुक्तानी** ग्रामिण पुर्वाधार विकास बिभागबाट जारी भएको वर्क नर्म्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने कार्यको हकमा दर विश्लेषण गर्दा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न कार्यको दर विश्लेषणमा निर्माण सामाग्रीको मूल्यको समेत ३ प्रतिशत रकम समावेश गरी लागत अनुमान तयार गरेको पाइयो।यसरी बढी दर राखी लागत अनुमान तयार गर्दा आयोजनाको वास्तविक लागत भन्दा बढी लागत पर्ने देखिन्छ । यस सम्वन्धमा उपभोक्ता समितिबाट भएका कार्यको नमुना छनौटको आधारमा भौचर परीक्षण गर्दा निम्न आयोजनामा रु.३०६३९।- बढि भुक्तानी भएको देखिएकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु	३०,६३९

गो भौ नं र मिति	योजनाको नाम	कामको विवरण	परिममाण	३ प्रतिशत थप रकम	बढि भुक्तानी
१७७...२०७७।१२।२१	डहर बस्ती डाँडा पदमार्ग	Drystone soling	२६.४६	४९.५	१३१०
		PCC 1:3:6	२१.१७	२१०.९७	४४६६
२६५...२०७७।१२।२७	चेप्टेकाखि सिंचाइ कुलो	PCC 1:3:6	१५	२१०.९७	३१६५
२५६...२०७७।१२।१७	तलातुम पर्यटकिय पोखरी निर्माण	Stone masonary work	२८.३५	१३५.३७	३८३८
२१२...२०७७।१२।३	खड्काथर जोड्ने पैदल मार्ग	PCC 1:3:6	१०.०८	२१०.९७	२१२७
		Stone masonary work	१३.५०	१३५.३७	१८२७
११४...२०७७।१०।५	लौके सिढी निर्माण	PCC 1:3:6	१७.६१	२१०.९७	३७१७
११३...२०७७।१०।४	मसार देखि घुमाउने पैदल मार्ग	PCC 1:3:6	१७.५१	२१०.९७	३६९४
३८३...२०७८।१।२०	शालिग्राम खेल मैदान निर्माण	Stone masonary work1:4	३९.७५	१६३.३९	६४९५
					३०६३९

६९	१६५	२०७७-११-१०	**उपभोक्ताको योगदान** विहादी गाउँपालिकाको उपभोक्तासमिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को १८ क (२) मा संरचाना निर्माण बाहेकका काममा लागत अनुमान अंकको १० प्रतिशत रकम वराबरको कार्य उपभोक्ता समितिले अनिवार्य व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले रनाली दुनडाँडा हुदै भेडावारी सडक निर्माण कार्यको लागत अनुमान १५११९२२५.११ को तयार गरी उपभोक्ता समितिसंग सम्झौता गरेकोमा कार्यविधि विपरित उपभोक्ताको योगदान ५.२१ प्रतिशत मात्र राखी सम्झौता गरी सोहि अनुरुप भुक्तानी गरेको देखिन्छ ।यसरी पालिकाले आफैले स्विकृत गरेको कार्यविधिको पालिना नगरि भुक्तानी गर्दा पालिकालाई रु ७२७७०।-थप व्ययभार परेको देखिन्छ । पालिकाले कार्यविधिको पूर्ण रुपमा पालना गर्नुपर्दछ ।	
७०			**मू.अ. कर बढी भुक्तानी**	१३,४३७

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायला्इ निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ । पालिकाले निम्म योजनामा मेशिनद्वारा माटो काट्ने कामको लागि लागत अनुमान तयार गर्दा स्विकृत जिल्लादरमा मू.अ. कर थप गरेको र सोहि अनुरुप भुक्तानी भएकोमा उपभोक्ता समितिले भएको कामको मूल्याङ्कन भन्दा कमको कर विजक पेश गरेको देखिएकोले बढी भुक्तानी भएको मू.अ. कर रु १३४३७।... सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु

गो भौ नं र मिति	योजनाको नाम	कामको मूल्याङ्कन	उपमोक्ताले पेश गरेको कर विजक	कम विल	बढी मू अ कर भुक्तानी
६७०...२०७८।३।२५	सामुदायिक भवन घडेरी व्यवस्थापन	१३८७१८.८०	५९७१२.५०	७९००६	९०८९
२५७...२०७७।१२।१७	वडा नं ६ बाटो सरसफाई तथा स्तरोन्नति	६०८२८७.६	५८९६७८	१८६१०	२१४१
१९८...२०७७।११।२५	वडा नं ५ बाटो सरसफाई तथा स्तोरन्नति	८८९०६०	८६९८७२	१९१८८	२२०७
					१३४३७

७१	११०	२०७७-१०-४	**अनुपातिक कट्टी नगरेको** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार वडा नं १ बाटो सरसफाई तथा स्तरोन्नति कार्यको उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समितिसंग रु ६५०४३६.७७ को सम्झौता भएकोमा रु ६३३९९८.५३ को कार्यसम्पन्न भएकोमा पालिकाले अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सम्झौता अनुसारको सबै रकम रु ५७६०००।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु १४५५८।- सम्बन्धित उपमोक्ता समितिसंग असुल हुनुपर्ने रु	१४,५५८
७२	१८९	२०७७-११-१५	**सम्झौता वेगरको भुक्तानी**	१८८,०६४

			विहादी गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं ७ (२) मा आयोजनाको लागि उपभोक्ता समिति र कार्यालयबिच अनुसुचि २ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने र बुँदा नं ११ (२) मा उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न र अन्य आवश्यक कागजातको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले वडा नं ५ को बाटो सरसफाई तथा स्तरोन्नति कार्यको लागि रु ७४७२१९.७० को लागत अनुमान तयार गरी सोहि अनुरुप उपभोक्ता समितिसंग सम्झौता गरेकोमा रु ९६४४१४.६९ को पुन संसोधित लागत अनुमान तयार गरी उपभोक्ता सिमितिलाई रु ८६००६४।- भुक्तानी गरेको देखिन्छ । यसरी कार्यालयले लागत अनुमानमात्र संशोधन गरी पुन सम्झौता नगरी पुरानै सम्झौताको आधारमा सम्झौता भन्दा बढी रु १८८०६४।- भुक्तानी गरेको रकम अनियमित देखिएको रु	
७३			**उपभोक्ता समितिलाई व्यवस्थापन लागत** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने, एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । साथै नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले नियमावलीको व्यवस्था विपरित अधिकांश योजनामा उपभोक्ता समिति मार्फत काम गराउँदा उपभोक्ताको व्यवस्थापन खर्च भनि पालिकाको बजेटको १.५ प्रतिशत समावेश गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो । नियमावली अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत कन्टिन्जेन्सी मात्र खर्च गर्न पाइनेमा पुन १.५ प्रतिशत थप उपभोक्ता समितिलाई भुक्तानी गरेको उपयुक्त देखिएन । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा देहायका उपभोक्ता समितिलाई व्यवस्थापन लागत वापत भुक्तानी दिएको रु.९५८५०।- उपभोक्ता समितिसंग असुल गर्नुपर्ने रु	९५,८५०

सि.नं	गोश्वरा भौचर नं र मिति	योजनाको नाम	पालिकाको बजेट	उपभोक्ताको व्यवस्थापन खर्च
१	६७६-२०७८।३।२५	शालीग्राम खानेपानी उपभोक्ता समिति	२००००००	३००००
२	६६६-२०७८।३।२५	विसमुरी वर्साङ् सिंचाइ कुलो	३०००००	४५००
३	६९४-२०७८।३।२६	रम्भादेवी सामुदायिक भवन निर्माण	४०००००	६०००
४	६३३-२०७८।३।२३	वहाकी सामुदायिक क्याम्पस ट्रस भवन	१५०००००	७५००
५	३८३-२०७८।१।२०	शालिग्राम खेल मैदान निर्माण	४०००००	६०००
६	१७७-२०७७।११।२१	डहर बस्ती डाँडा पदमार्ग निर्माण	३५००००	५२५०
७	१९०-२०७७।१२।२३	काखीघाट पौवा निर्माण सेवा	३०००००	४५००
८	२१२-२०७७।१२।३	खड्काथर जोड्ने पैदल मार्ग	३०००००	४५००
९	११४-२०७७।१०।५	लौके सिँढी निर्माण	३०००००	४५००
१०	२५६-२०७७।१२।२७	तलातुम पर्यटकिय पोखरी निर्माण	३०००००	४५००
११	११३-२०७७।१०।४	मसार देखि घुमाउने पैदल मार्ग	३०००००	४५००
१२	११०-२०७७।१०।४	वडा नं १ सरसफाइ तथा स्तरोन्नति	६०००००	९०००
१३	२८-२०७७।७।२३	गोलाङ् प्रतिक्षालय निर्माण	३२००००	५१००
				९५८५०

७४ **उपभोक्ता समिति छनौट**

			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गर्नुपर्दछ ।	
७५			**हेभी उपकरणको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गो भौ नं./मिति	आयोजनाको नाम	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२९४...२०७७।१२।२३	गाउँपालिका भित्रका विभिन्न सडक सरसफाई तथा मर्मत	९०५६१७	डोजर, एक्साभेटर	८६०४९०
१६५...२०७७।११।१०	रनाली दुनडाँडा हुदै भेडावरी सडक	९६२९६४	डोजर, एक्साभेटर	८३२६७०
१७९...२०७७।११।१२	वेदुवाटोल जाने मोटरबाटो निर्माण उ स	२०९०००	डोजर, एक्साभेटर	१९९७०८
२५७...२०७७।१२।१७	वडा नं ६ बाटो सरसफाई तथा स्तरोन्नति	६०००००	डोजर, एक्साभेटर	५८९६७८
१९८...२०७७।१।२५	वडा नं ५ बाटो सरसफाई तथा स्तरोन्नति	८९५९००	डोजर, एक्साभेटर	८६९८७२
१९६...२०७७।१।१५	बाटो सरसफाई तथा स्तरोन्नति	५०००००	डोजर, एक्साभेटर	३४६७९७

७६ **उपभोक्ताको बिल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

७६.१ **बढी बिलः** निम्न योजनामा प्रयोग भएको सामग्री भन्दा बढी खरिद गरेका विल राखेर भुक्तानी भएको देखिन्छ ।यसरी आवश्यक भन्दा बढी सामग्री खरिद गरेकोले उपभोक्ताले पेश गरेको विल यथार्थपरक नभएको र सामग्रीमा न्युन विजकिकरण समेत भएको देखिन्छ । जस्तै पालिकाले लागत अनुमान तयार गर्दा सिमेन्टको मुल्य रु ८२० प्रतिवोरा राखेकोमा उपभोक्ताले रु ५०२ प्रतिवोरा खरिद गरेको विल पेश गरेको देखिएकाले पालिकाले भुक्तानीमा यस सम्बन्धमा ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

गो भौ नं	योजनाको नाम	कामको विवरण	सामग्रीको विवरण	प्रयोग भएको परिमाण	विल पेश भएको परिमाण
५४४	भतेरपाटा सचेतना केन्द्र	PCC work, stone masonry work	सिमेत्ट	७७ बोरा	११० बोरा
		डण्डीको काम	डण्डी	११०७ के जी	१७३३ के जी
६३३	बहाकी सामुदायिक भवन निर्माण	PCC work, Brick masonry work	सिमेत्ट	७० बोरा	२४० बोरा
		डण्डीको काम	डण्डी	४२६ के जि	१५४० के जि

७६.२			**कम बिलः** निम्न योजनामा कार्यसम्पन्न अनुसार प्रयोग भएको भन्दा उपभोक्ताले कम सिमेन्ट लागायतका सामग्री खरिद गरेको देखिन्छ । यसरी उपभोक्ताले किनेको भन्दा बढी परिमाणको सामग्री प्रयोग भएको देखाई भुक्तानी गर्दा उपभोक्तालाई सिमेन्ट लागयतका आइटममा मु.अ. कर जोडेर भुक्तानी हुँदा रु. १०६६०।... बढी मु अ कर भुक्तानी भएको देखिन्छ साथै कम परिमाणमा सिमेन्ट लगायतका सामग्री खरिद गर्दा कामको गुणस्तर तोकिएबमोजिम भए नभएको यकिन हुन नसक्ने देखिन्छ। पालिकाले यसमा यथार्थ छानविन गरी बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु	१०,६६०	

https://nams.oag.gov.np

गो भौ नं	योजनाको नाम	सामग्रीको विवरण	प्रयोग भएको परिमाण	मु अ कर भुक्तानी दर	विल पेश भएको परिमाण	बढी मु अ कर भुक्तानी
६९४... २०७८।३।२६	रम्भादेवी सामुदायिक भवन	सिमेन्ट	८८ बोरा	१०६.६	५० बोरा	४०५०
		फलामे डण्डी	११५३ के जि	११.३१	७१० के जि	५०१०
३२८... २०७८।१।६	रनाली दुधौलि कुलो निर्माण	सिमेन्ट	५० बोरा	१०६.६	३५ बोरा	१६००
						१०६६०

७७ **लगत कट्टा विवरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भएमा बसाईसराई गरेर गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा ५ वर्ष उमेर पुरा गरेमा, नविकरण नगरेमा, कुनै लाभग्राहीले एक वर्षभित्र रकम नबुझेमा वा बैकं मार्फत भत्ता वितरण गर्दा लाभग्राहीको खाता निष्क्रिय रहेमा सम्बन्धित स्थानीय तहको मूल अभिलेखवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लगत कट्टाको विवरण प्राप्त उपलब्ध नगराएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन।

७८ **निष्क्रिय खाताः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छे ५ दफा २६(३) मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैकंवाट अनुसूची-११ वमोजिमको ढांचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्वन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारण ले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्वन्धित वैङ्कवाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीञ संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले अनुसूची -११ वमोजिमको ढाँचामा सेवा प्रदायक वैकंवाट विवरण माग गरेको पाईएन। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

७९ **फरवाड फिडको प्रयोग नभएकोः**

साामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १४ (५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा प्रणालिमा रहेको अनुसुची ७ वमोजिमको भरपाई प्रतिवेदन तथा अनुसुचि ८ वमोजिमको फरवाडफिडको आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा अनुसुची ७ वमोजिमको भरपाई प्रतिवेदन र फरवाडफिडको प्रयोग गरिएको पाईएन।राज्य द्वारा प्रदान गरिएको विशेष सुविधाको प्रभावकारी ढंगले कार्यान्वियन गर्न पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

८०

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाबाट फछ्र्यौट भई पेश भए बमोजिम जम्मा रु.२१६९१३२ सम्परीक्षण भएको छ।

आ .व.	वेरुजु दफा	वेरुजुको संक्षिप्त व्यहोरा	संपरीक्षण	
			संपरीक्षणका प्रमाण तथा आधार	रकम
०७५।७६	२२	मू.अ.कर वढी भुक्तानी	दाखिला भएको भौचर पेश	९३११
०७५।७६	२२	मू.अ.कर वढी भुक्तानी	दाखिला भएको भौचर पेश	१८९९१
०७५।७६	२९	वढी निकासा भएको	दाखिला भएको भौचर पेश	३५०००
०७५।७६	३१.२	दोहोरो चाडपर्व खर्च भुक्तानी	दाखिला भएको भौचर पेश	२२१७०
०७५।७६	३४.२	वढी दरको प्रयोग	दाखिला भएको भौचर पेश	८५९४८
०७६।७७	३९	विमा रकम वढी भुक्तानी	दाखिला भएको भौचर पेश	१०७०८१
		जम्मा		२७८५०१